विषय :- साक्षरोत्तर कक्षा संचालन व्यवस्थापन सम्बन्धमा

श्री ......................सामुदायिक अध्ययन केन्द्र ।

........................................................

प्रस्तुत विषयमा जिल्ला अनौपचारिक शिक्षा समितिको मिति २०७०/१०/१३ गते बसेको बैठकको निर्णय अनुसार तपसिलको सर्त बन्देज भित्र रही संचालन गर्ने गरी त्यस सा.अ.के. लाई ..............वटा साक्षरोत्तर कक्षाको कोटा प्रदान गरिएको छ । तपसिलमा उल्लेखित निर्देशन समेतलाई ख्याल गरी कक्षा संचालन गर्नु गराउनुहुन जानकारी गराइन्छ।

## तपसील

१. साक्षरता कक्षाबाट साक्षर भएका महिला तथा पुरुष गरी २० जना सहभागी बराबर १ कक्षा संचालन गर्नुपर्नेछ ।

२. कक्षा कहाँ संचालन गर्ने भन्ने सम्बन्धमा सा.अ.के को बैठकले निर्णय गर्नुपर्नेछ। ।

३. साक्षरोत्तर कक्षाका सहभागीहरुलाई पायक पर्ने स्थानमा कक्षा संचालन गर्नुपर्नेछ ।

४. यसअघि अनौपचारिक शिक्षाको स.का. को तालिम लिईसकेका यथा सम्भव २५ वर्ष उमेर पुरा भएका कम्तिमा एस. एल. सी.उतिर्ण महिलालाई स.का.को रुपमा निश्चित कार्यविधि अपनाई छनौट गरी नियुक्ति दिनुपर्नेछ ।

५. स.का.ले नियमित र सन्तोजनक कार्य नगरेमा सा.अ.के.ले विचैमा हटाउन सक्नेछ ।

६. सा.अ.के ले उक्त कक्षाको निरीक्षण गर्न परिचालिकालाईनै निरीक्षकको काम लगाउनुपर्नेछ ।

७. कार्यक्रम संचालन गर्दा स्थानिय निकाय संग समन्वय गर्नुपर्नेछ।

८. २०७०।११।१५ गते सम्ममा सहभागी छनौट गरी सो को नामावली जि.शि.का मा उपलब्ध गराउने ।

९. जि.शि.का ले तोकेको मिति,स्थान र समयमा स.का. लाई तालीममा भाग लिन पठाउने ।